# दैवीप्रकोप विशेष कोष सञ्चालन तथा व्यवस्थापन
# निर्देशिका–२०६५

**प्रस्तावना :–**

दैवीप्रकोपका दृष्टिकोणले नेपाल संसारकै एक सम्वेदनशील राष्ट्रको सूचीमा पर्दछ । अव्यवस्थित बसाइसराइ, जंगलको फडाँनी तथा अतिक्रमण, परंपरागत खेती प्रणाली, कृषिको आधुनिकीकरणका नाममा हुने गरेको रासायनिक मल र विषादिको अत्याधिक प्रयोग, जनसङ्ख्याको बढ्दो चाप, जथाभावी सडक निर्माण, अव्यवस्थित शहरीकरण, जनचेतनाको कमी आदि कारणले हुने आगलागी, बाढी, पहिरो, महामारी, झाडापखाला, भोकमरी, भूकम्प, सडक दुर्घटना जस्ता दैवी विपत्तिमा परी हजारौं मानिसहरूको मृत्यु हुने गरेको छ । दैवीप्रकोपहरूबाट जिउज्यान र धनसम्पत्तिको क्षति हुन्छ साथसाथै भौतिक संरचनामा समेत क्षति हुनाले आर्थिक, सामाजिक विकासमा समेत नोक्सानी हुन जान्छ ।

यस्ता आर्थिक, सामाजिक, भौतिक संरचनाहरूको क्षति लाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउने अभिप्रायले स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७६ ले दिएको अधिकार तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५४ को उपनियम (१) को खण्ड (क) बमोजिम दैवीप्रकोप विशेष कोष सञ्चालन व्यवस्थापन निर्देशिका, २०६५ तयार गरी जिल्ला विकास समिति धनकुटाले लागू गरेको छ ।

## परिच्छेद–१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :–**

१.१ यस निर्देशिकाको नाम "दैवीप्रकोप विशेष कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०६५" रहेकोछ ।

१.२ यो निर्देशिका जिल्ला परिषदबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :–**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "निर्देशिका" भन्नाले दैवीप्रकोप विशेष कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०६५ बुझ्नुपर्छ ।

(ख) "कोष" भन्नाले दैवीप्रकोप विशेष कोष सञ्चालन तथा व्यवस्थापन कोष बुझ्नु पर्दछ ।

(ग) "व्यवस्थापन समिति" भन्नाले दैवीप्रकोप विशेष कोष सञ्चालन तथा व्यवस्थापन समिति बुझ्नुपर्छ ।

(घ) "समिति" भन्नाले जिल्ला विकास समिति बुझ्नुपर्छ ।

(ङ) "प्रकोप" भन्नाले दैवी तथा प्राकृतिक प्रकोपलाई बुझ्नुपर्छ ।

**३. कोषको स्थापना :-**

३.१ दैवीप्रकोप विशेष कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**४. कोषको कार्यालय :-**

४.१ कोषको सचिवालय जिल्ला विकास समितिको कार्यालय धनकुटामा रहने छ ।

## परिच्छेद–२

## कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

**५. कोषको अवधारणा :-**

जिल्लामा हुने सबै प्रकारका दैवीप्रकोपहरूलाई न्यूनीकरण गरी दैवीप्रकोपको प्रभावबाट पीडित व्यक्ति, परिवार, संघ संस्थाको सङ्ख्यामा कमी ल्याउन सहयोग पुऱ्याउनु नै कोषको अवधारणा हुनेछ ।

**६. लक्ष्य :-**

दैवीप्रकोपमा परेका परिवार, संघ/संस्थाहरूलाई पुनर्स्थापनामा सहयोग पुऱ्याई प्रकोप-पीडित अवस्थाबाट जिल्लालाई मुक्त गर्न सहयोग पुऱ्याउनु कोषको लक्ष्य रहेको छ ।

**७. उद्देश्य :-**

कोषका उद्देश्य देहायअनुसार हुनेछन् :-

७.१ दैवी- प्रकोपपीडितको उद्धार तथा पुनर्स्थापनाका लागि जिल्लास्थित सबै कार्यालय, संघ-संस्थाबीच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहल गर्ने ।

७.२ दैवीप्रकोपका दृष्टिकोणले जिल्लाका जोखिमपूर्ण क्षेत्रहरूको पहिचान गरी प्रकोप रोकथामका लागि चेतनामुलक कार्य गर्ने ।

७.३ दैवीप्रकोपबाट हुन सक्ने जोखिमलाई न्यून गर्न सहयोग पुऱ्याउने अभिप्रायले समयसापेक्ष नीतिगत तथा संस्थागत संयन्त्रमा सुधार ल्याउने ।

७.४ प्रकोपपीडितको आधारभूत आवश्यकता परिपूर्तिका लागि क्षतिको मूल्यांकनका आधारमा तत्काल राहत उपलब्ध गराई सहयोग पुऱ्याउने ।

७.५ पूर्वाधार निर्माण कार्य प्रारम्भ गर्दा भौतिक संरचना निर्माण गर्दा वातावरणमैत्री प्रणालीमा जोड दिने ।

७.६ प्रकोपबाट हुन सक्ने हानि- नोक्सानीका बारेमा सचेत गराउने अभिप्रायले पूर्व तयारीका लागि अवलम्बन गर्न सकिने उपायहरू तथा तयारीबारे जानकारी गराउने ।

७.७ दैवीप्रकोप व्यवस्थापनका क्षेत्रमा काम गर्ने जिल्लाका सबै निकायहरूका बीच समन्वय कायम गर्ने ।

७.८ दैवीप्रकोप व्यवस्थापनसम्बन्धी एकीकृत कार्यक्रम तर्जुमा र कार्यान्वयनका लागि पहल गर्ने ।

७.९ दैवीप्रकोपबाट पीडित व्यक्तिहरूलाई तत्कालीन उद्धार सहयोगका लागि कोषको व्यवस्था गर्ने ।

७.१० दैवीप्रकोप व्यवस्थापन, वातावरण मैत्री योजना निर्माण, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन सम्बन्धमा राष्ट्रिय योजना आयोग, मन्त्रालयहरूद्वारा तय गरिएका उद्देश्यहरू पूर्तिका लागि सहयोग पुऱ्याउने ।

## ८. नीति :-

८.१ प्रकोपपीडितका लागि उद्धार कार्यमा सहयोग पुऱ्याउने ।

८.२ प्रकोपपीडितलाई तत्काल राहत सहयोग उपलब्ध गराउने ।

८.३ प्रकोपपीडितहरूलाई तत्काल पुनर्स्थापनाका लागि सहयोग पुऱ्याउने ।

८.४ प्रकोपपीडितहरूलाई एकीकृत रूपमा सहयोग उपलब्ध गराउन जिल्लास्थित सबै निकायहरूका बीच समन्वय गर्ने ।

# परिच्छेद–३

# कोषको व्यवस्थापन तथा सञ्चालनसम्वन्धी व्यवस्था

## ९ कोषको व्यवस्थापन तथा सञ्चालनसम्बन्धी व्यवस्था :-

९.१ कोषको लक्ष्य तथा उद्देश्यहरूको प्राप्तिका लागि निम्नानुसारको व्यवस्थापन समिति गठन गरिने छ :-

- जिल्ला विकास समितिका सभापति - अध्यक्ष
- जिल्ला विकास समितिका उप-सभापति - सदस्य
- प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य
- स्थानीय विकास अधिकारी - सदस्य
- प्रमुख जिल्ला प्रहरी कार्यालय - सदस्य
- प्रमुख धनकुटा नगरपालिका - सदस्य
- योजना अनुगमन तथा प्रशासकीय अधिकृत - सदस्य
- जि.वि.स. सामाजिक समितिका संयोजक - सदस्य
- रेडक्रस सोसाइटी जिल्ला शाखा अध्यक्ष - सदस्य
- प्रमुख जिल्ला प्राविधिक कार्यालय - सदस्य
- सभापति नेपाल पत्रकार महासंघ जि.शाखा - सदस्य
- प्राकृतिक प्रकोप व्यवस्थापनमा विशेषता हासिल गरेका प्राविधिकमध्ये समितिद्धारा मनोनीत १ जना - सदस्य
- अध्यक्ष गैसस महासंघ जिल्ला शाखा - सदस्य
- समितिले मनोनित गरेका दैवीप्रकोप क्षेत्रमा योगदान पुऱ्याउन सक्ने एक महिलासहित नागरिक समाजका ३ जना - सदस्य
- कार्यक्रम अधिकृत जि.वि.स.को कार्यालय - सदस्य सचिव

९.२ प्रकरण ९.१ बमोजिम समितिले मनोनीत गरेका सदस्यहरूको पदावधि २ वर्षको हुनेछ । पदावधि समाप्त भएको सदस्यलाई पुनः अर्को पटक सदस्य मनोनीत गर्न बाधा पर्ने छैन ।

९.३ व्यवस्थापन समितिको बैठक सामान्यतया बर्षमा ३ पटक बस्नेछ । बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बैठक बोलाउने छ । आवश्यकता महसुस भएमा व्यवस्थापन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

९.४ व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ ।बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नु-पर्ने छ ।

## १०. सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :–

१०.१ दैवीप्रकोप विशेष कोष व्यवस्थापन तथा सञ्चालन समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) दैवीप्रकोप व्यवस्थापनका लागि आर्थिक स्रोत जुटाउने ।

(ख) कोषको वार्षिक योजना तर्जुमा गरी स्वीकृतीका लागि जिल्ला परिषद्मा पेश गर्ने ।

(ग) प्रकोप सम्वन्धी पूर्व सतर्कताका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(घ) दैवीप्रकोपवाट पिडीत व्यक्ति/परिवार, संघ/संस्थालाई तत्काल राहत उपलब्ध गराउने ।

(ङ) प्रकोप पिडीतका लागि पुनर्स्थापनाको व्यवस्थापन गर्ने ।

(च) दैवीप्रकोप न्यून गर्न सहयोग पुग्ने खालका कार्यक्रम सञ्चालन तथा व्यवस्थापन योजना तयार गर्ने ।

(छ) योजना तथा कार्यक्रम सञ्चालन गर्दा वातावरणमैत्री बनाउन समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(ज) कोषका कार्यहरूको अनुगमन गर्ने ।

(झ) कोषका कार्यहरूको प्रगति समीक्षा गर्ने ।

(ञ) कार्यकारिणी समितिबाट भएका निर्णयहरूअनुमोदन गर्ने ।

## ११. अध्यक्षको काम कर्तव्य र अधिकार :–

अध्यक्षको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ ।

(क) बैठकको अध्यक्षता गर्ने ।

(ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने ।

(ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने ।

(घ) समितिका सदस्यहरूलाई कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने ।

(ङ) कोषको वित्तीय स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(च) कोषका निर्णयहरू सार्वजनिक गरी पारदर्शिता कायम गराउने ।

(छ) कोषका बैठक सहभागितात्मक रूपमा सञ्चालन गराउने ।

(ज) कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने ।

(झ) कोषका तर्फबाट अन्य निकाय, संघ/संस्थासँग सम्झौता गर्नुपर्ने भए गर्ने, गराउने ।

(ञ) कोषको योजना तर्जुमा तथा सोको स्वीकृति गर्न गराउन आवश्यक कार्यवाही गर्ने गराउने ।

(ट) कोषका कामको अनुगमन मूल्यांकन गर्ने गराउने ।

**१२. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :-**

कोषको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने अध्यक्षसँग सल्लाहमा छलफलका विषयवस्तुहरू तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने ।

(ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरू जिम्मा लिने ।

(ग) कोषसँग सम्बन्धित सूचनाहरू, तथ्यांक तथा अभिलेख अद्यावधिक गर्ने ।

(घ) अध्यक्षले तोकेका अन्य कार्यहरू गर्ने ।

(ङ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरू गर्ने ।

(च) कोषका कार्यक्रम तर्जुमा स्वीकृति र कार्यान्वयन गराउन आवश्यक कार्यवाही गर्ने ।

(छ) कार्यक्रमहरूको अनुगमन गर्ने गराउने ।

(ज) कोषको चलअचल सम्पतिको संरक्षण गर्ने गराउने ।

**१३. सदस्यको काम, कर्तव्य र अधिकार :-**

कोषको सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) बैठकमा उपस्थित भई छलफलमा सक्रियतापूर्वक भाग लिने ।

(ख) अध्यक्षको काममा सहयोग पुऱ्याउने ।

(ग) तोकिएको जिम्मेवारीलाई पूरा गर्ने ।

(घ) बैठकमा निर्णयमा पुग्न मतदान गर्नुपर्ने भए मतदान गर्ने ।

(ङ) अध्यक्षले तोकेका अन्य दायित्व निर्वाह गर्ने ।

(च) कोषका कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

## परिच्छेद–४
## आर्थिक तथा प्रशासनिक व्यवस्था

**१४. कोषको वित्तीय व्यवस्थापन :-**

१४.१. कोषको नाममा एउटा कोष रहने छ । जसमा देहायका रकमहरू रहने छन् :-

(क) जिल्ला विकास समितिबाट दैवीप्रकोपका लागि वार्षिक रूपमा विनियोजन हुने रकम ।

(ख) जिल्ला विकास समितिबाहेकका अन्य स्थानीय निकायबाट प्राप्त हुने रकम ।

(ग) दातृ निकाय, परियोजना, गैरसरकारी संस्थाबाट प्राप्त हुने रकम ।

(घ) कोषलाई सेवा शुल्क वापत प्राप्त हुने रकम ।

(ङ) कोषलाई अन्य विभिन्न स्रोतहरूबाट प्राप्त रकम ।

(च) नेपाल सरकारबाट प्राप्त अनुदान सहयोग ।

१४.२. कोषको रकम जिल्लास्थित कुनै बैंकमा एउटा छुट्टै खाता खोली जम्मा गरिने छ । कोषको सञ्चालन जि.वि.स.को कार्यालयका स्थानीय विकास अधिकारी वा निजले तोकेका अधिकृत कर्मचारी र जि.वि.स.को कार्यालयका लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

१४.३. कोषको लेखापरीक्षण जिल्ला विकास कोषको लेखापरीक्षण गर्ने व्यवस्थाअनुसार हुनेछ ।

**१५. कोषको आर्थिक व्यवस्था :-**

कोषको आर्थिक व्यवस्था यस निर्देशिकामा तोकिएको कुरामा यसै निर्देशिकाबमोजिम र अन्य कुराको हकमा स्थानीय निकाय आर्थिक प्रशासनसम्वन्धी नियमावली, २०६५ बमोजिम हुनेछ ।

**१६. अन्य क्षेत्रमा खर्च गर्न नमिल्ने :-**

कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सो प्रयोजनवाहेक अन्य कार्यमा रकम खर्च गर्न पाइने छैन ।

**१७. प्रशासनिक व्यवस्था :-**

कोषको प्रशासनिक तथा आर्थिक कारोवार जि.वि.स.को कार्यालयका कर्मचारीहरूबाटै सञ्चालन गरिने छ ।

**१८. बैठक भत्ता :-**

कोषको व्यवस्थापन समिति तथा कार्यकारिणी समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्यहरूलाई जिल्ला विकास समितिका सदस्यले पाए सरहको बैठक भत्ता उपलब्ध गराइने छ ।

**१९. कार्यक्रम संचालनसम्बन्धी खर्चको व्यवस्था :-**

१९.१ कोषबाट सञ्चालन हुने कार्यक्रमहरू कोषले आफै वा अन्य सरकारी/गैरसरकारी निकायसँग मिलेर सञ्चालन गर्न सक्नेछ ।

१९.२. कोषले आफ्नो कार्यक्रम गैर सरकारी संघ/संस्थाहरूबाट सञ्चालन गराउन सक्नेछ ।

## परिच्छेद–५
## विविध

**२०. कोषबाट कार्यक्रम सञ्चालन गर्नुपर्ने :–**

जिल्ला विकास समितिको कार्यालय, जिल्ला विकास समिति र यसअन्तर्गतका उप-समिति वा दैवीप्रकोपसम्बन्धीका कार्यक्रमहरू सञ्चालन गर्दा दैवीप्रकोप विशेष कोषवाट मात्र सञ्चालन गरिने छन् ।

**२१. जाँचपास तथा फरफारक :–**

कोषबाट सञ्चालन गरिएका कार्यक्रमको जाँचपास तथा फरफारक कार्यकारिणी समितिको सिफारिसमा व्यवस्थापन समितिले गर्ने ।

**२२. जिल्ला विकास योजनामा समावेश गर्ने :–**

कोषबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरू स्वीकृतीका परिषदको जानकारीका लागि जिल्ला विकास योजनामा समावेश गर्नुपर्नेछ ।

**२३. निर्देशिकाको संशोधन :–**

२६.१. यस निर्देशिकालाई संशोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा जिल्ला परिषदले गर्नेछ ।

**२४. बचाउ र खारेजी :–**

२४.१. यस निर्देशिकामा व्यवस्था भएका कुराहरूको हकमा स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शसन नियमावली, २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ सँग बाझिन गएमा बाझिएको हकमा बाझिए जति स्वतः खारेज भएको मानिने छ ।

२४.२. कुनै कारणबाट कोष सञ्चालन हुन नसकेमा जिल्ला विकास समितिले कोषलाई खारेज गर्न सक्ने छ ।

२४.३ कोष खारेज भएमा कोषमा रहेको चल-अचल सम्पति तथा दायित्व जिल्ला विकास समितिमा स्वतः सर्नेछ ।